# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

**खण्डः ०२** **संख्याः १४** **मितिः फाल्गुन २७, २०७५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

# समपूरक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

### प्रस्तावना

संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र लगायतबाट प्राप्त हुने विशेष अनुदान, शशर्त अनुदान, ऋण सहयोग, लागत सहभागिता तथा अन्य सहयोग अन्तर्गत उल्लेखित साझेदार निकायहरुबाट संचालन

गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि अनिवार्य रुपमा राख्नु पर्ने समपूरक कोष लाई व्यवस्थित र पारदर्शी बनाउन,

साथै नगरपालिकाबाट उपभोक्ता समिति, टोल विकास संस्था, विषयगत कार्यालय लगायत अन्य निकायसँग लागत सहभागिता सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि समेत समपूरक कोष स्थापना गर्नु पर्ने भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी टोखा नगरपालिकाको नगर कार्यपालिकाको मिति ...... को बैठकले यो समपूरक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार पारेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "**समपूरक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५**" रहनेछ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कोष” भन्नाले टोखा नगरपालिकाद्धारा स्थापित समपूरक कोषलाई सम्झनु पर्छ ।

ख) “विशेष अनुदान” भन्नाले संघीय सरकार वा प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानलाई सम्झनु पर्छ ।

(ग) “सशर्त अनुदान” भन्नाले संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय, साझेदार संस्था लगायत अन्य सहयोग वापत प्राप्त सशर्त अनुदानलाई सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले यस निर्देशिकाको दफा '३' बमोजिम गठित कोष सञ्चालन समितिलाई सम्झनु पर्छ ।

ङ) "नगर सभा" भन्नाले टोखा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले टोखा नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

छ) "उपभोक्ता समिति" भन्नाले टोखा नगरपालिकाको उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि बमोजिम लाभग्राहीहरुमध्येबाट गठन भएको उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

ज) "टोल विकास संस्था" भन्नाले नगरपालिकामा विधिवत दर्ता भई टोलको विकास गर्न टोलबासीहरु सम्मिलित भई गठन भएको संस्थालाई सम्झनु पर्छ ।

झ) "विषयगत कार्यालय" भन्नाले नगरपालिकास्तरीय सरकारी कार्यालय, सामुदायिक विद्यालय तथा संस्थानहरुलाई सम्झनु पर्छ ।

ञ) "लागत सहभागिता" भन्नाले समपूरक कोष मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने साझेदारले तोकिए बमोजिम नगदै प्रवाह गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

च) "साझेदार" भन्नाले नगरपालिकासँगको लागत सहभागितामा योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति, टोल विकास संस्था, विषयगत कार्यालय वा अन्य निकायलाई सम्झनु पर्छ ।

## ३) समपूरक कोषबाट खर्च गर्ने क्षेत्र र मापदण्ड

(क) संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र लगायतसँगको साझेदारीमा संचालन हुने योजना तथा कार्यक्रमका लागि उल्लेखित निकायबाट तोकिए बमोजिमको रकम समपूरक कोषबाट खर्च गर्नु पर्नेछ ।

(ख) उपभोक्ता समिति, टोल विकास संस्था, विषयगत कार्यालय तथा अन्य निकायसँगको लागत साझेदारीमा

संचालन हुने योजना तथा कार्यक्रमका लागि तोकिए बमोजिमको रकम समपूरक कोषबाट खर्च गर्नु पर्नेछ ।

(ग) बुँदा ३ (ख) बमोजिम नगरपालिकासँगको साझेदारीमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न चाहने साझेदारहरुसँग नगरपालिकाले ५०/५० को लागत साझेदारीमा काम गर्ने गरी सम्झौता गर्नेछ । जस अनुसार कूल लागतको ५० प्रतिशत रकम नगरपालिकाले तोकेको बैंकमा नगदै जम्मा गरेको भौचर पेश गरेपछि मात्र उक्त साझेदारसँग योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता गरिनेछ ।

(घ) समपूरक कोषमा आन्तरिक आयको बढीमा २५ प्रतिशत भन्दा बढी रकम जम्मा गर्न पाइने छैन । तर, आर्थिक वर्ष शुरु भै सकेपछि संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय र विषयगत मन्त्रालय तथा विभागहरुबाट लागत साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव आएमा नगर कार्यपालिकाले कोषको अवस्था

हेरेर समपूरक कोषमा थप रकम विनियोजन गर्न सक्नेछ ।

## परिच्छेद २

## समपूरक कोष सञ्चालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार :

४) समपूरक कोष सञ्चालन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) पूर्वाधार विकास समितिका संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशास शाखा प्रमुख - सदस्य

(ङ) योजना शाखा प्रमुख

- सदस्य सचिव

५) सञ्चालन समितिको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ, तर आवश्यक परे जुनसुकै समयमाम पनि बैठक बस्न सक्नेछ। संयोजकको आदेशले सदस्य सचिवले बैठक बोलाउने छन्।

६) सञ्चालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ। बैठकको निर्णय संयोजकले प्रमाणित गर्नुपर्नेछ।

७). सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-

सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) एक आर्थिक वर्षका लागि समपूरक कोषमा आवश्यक पर्ने रकमको यकीन गरी सोही बमोजिम बजेट विनियोजनका लागि कार्यपालिकामा पेश गर्ने।

ख) आयोजना वा कार्यक्रमगत रुपमा राख्नु पर्ने समपूरक कोषको विवरण तयार गर्ने ।

ग) समपूरक कोषबाट सम्बन्धित आयोजना तथा कार्यक्रमका लागि रकम निकासा दिन सिफारिस गर्ने ।

घ) बुँदा ३ (घ) बमोजिम आर्थिक वर्ष शुरु भै सकेपछि संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय र विषयगत मन्त्रालय तथा विभागहरुबाट लागत साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव आएमा सो वापतको समपूरक कोषका लागि आवश्यक पर्ने रकम यकीन गरी नगर कार्यपालिकामा पेश गर्ने ।

ङ) समपूरक कोषबाट भएको खर्चको विवरण माग गरी प्रत्येक महिना बस्ने कार्यपालिकाको बैठकमा जानकारी गराउने ।

च) आर्थिक वर्षको अन्त्यसम्ममा कोषको रकम खर्च नहुने निश्चित भएमा उक्त रकम अन्य शीर्षकमा विनियोजन गर्न सिफारिस गर्ने ।

छ)	समपूरक कोषबाट भएका खर्चहरुको प्रगति समीक्षा गर्ने/गराउने ।

## परिच्छेदेद-३

## आर्थिक तथा प्रशासनिक व्यवस्था

### ८. कोषको वित्तीय व्यवस्थापन :-

८.१. कोषको नाममा नगरपालिकाले अन्य कारोवार गर्ने वाणिज्य बैंकमा एउटा छुट्टै खाता रहनेछ । जसमा देहायका रकमहरू जम्मा हुनेछन् :-

(क) नगरपालिकाको आन्तरिक आयबाट समपूरक कोषका लागि छुट्याइने वार्षिक रकम ।

(ख) बुँदा ३ (घ) बमोजिम आर्थिक वर्ष शुरु भै सकेपछि साझेदार निकायको प्रस्ताव बमोजिम समपूरक कोषमा रकम थप गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम रकम थप हुने भएमा सो वापत जम्मा हुने रकम ।

(ग) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

८.२. कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजहरुले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

८.३ कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

८.४ कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**९. कोषको आर्थिक व्यवस्था :-**

कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा टोखा नगरपालिकाको आर्थिक ऐन, विनियोजन ऐन र सार्वजनिक खरीद ऐन, २०६३ तथा निमायवली २०६४ बमोजिम हुनेछ ।

**१०. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :-**

समपूरक कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन । तर, आर्थिक वर्षको अन्त्यसम्ममा कोषको रकम

खर्च नहुने निश्चित भएमा उक्त रकम अन्य शीर्षकमा विनियोजन गर्न बाधा पुग्ने छैन ।

**११. बैठक भत्ता :-**

कोषको सञ्चालन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरूलाई नगर कार्यपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ता उपलब्ध गराइने छ ।

**१२. कार्यविधिको संशोधन:-**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा सञ्चालन समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्नेछ ।

**१३. बचाउ र खारेजी :-**

(क) कुनै कारणवश कोष सञ्चालन हुन नसकेमा नगरपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ख) कोष खारेज भएपछि कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व नगरपालिकाको स्वामित्वमा स्वतः सर्नेछ ।

**प्रमाणिकरण मिति : २०७५।११।२७**

**आज्ञाले,**
**प्रमुख प्रशासकिय अधिकृत**

**मूल्य रु. ४०/-**